# आ.व. २०७४ /७५ को नीति तथा कार्यक्रम

**३.१ दीर्घकालिन सोचः**

आर्थिक ,सामाजिक ,सास्कृतिक तथा प्रशासनिक रुपमा चुस्त र समुन्नत गाउँपालिकाको निर्माण गर्ने ।

**.३.२ लक्ष्य :**

पुर्वाधार निर्माण तथा उत्पादनमा विशेष जोड दिदै आत्मनिर्भर गाउपालिका निर्माण गर्ने ।

**३.३ उद्देश्य**

संविधानको मर्म र भावना अनुरुप स्थानीय जनताको जिवनस्तरलाई केन्द्र विन्दुमा राख्दै पुर्वाधार निर्माण, स्थानीय उत्पादनको प्रर्वदन तथा पर्यटन विकासको प्रकृयाद्धारा रोजगारी सृजना गर्दै ,गरिवी, असमनाता , विभेद र बन्चितिकरण घटाउदै समग्र गाउपालिकावासीको जिवनस्तरमा सुधार ल्याउने ।

**३.४ अपेक्षित उपलब्धी** :

गाउँपालिकाले आगामी आ.व २०७४।७५ मा देहाय वमोजिमका उपलब्धीहरु हासिल हुनेछ ।

- गाउँपालिकाको ग्रामिण क्षेत्रसम्म सडक संजालको पहुँच पुग्नेछ ।
- स्वास्थ क्षेत्रमा सबैको पहुच पुग्नेछ ।
- पर्यटन विकासको गुरुयोजना तयार पारी जलाशययुक्त पर्यटन पर्वद्धनको विषेश कार्य अगाडी वढेको हुनेछ ।
- हाल विद्यमान सडक संजालको स्तरोन्नती हुनेछ ।
- शैक्षिक क्षेत्रको विकासले फड्को मार्ने छ ।
- स्वास्थ क्षेत्रमा सबैको पहुचलाइ उच्च प्रथामिकता दिदै विशेष घुम्टी कार्यक्रमहरु मार्फत जनताको स्वास्थस्तरमा सुधार हुनेछ ।
- कृषिको व्यावसायीकरणको माध्यमबाट कृषिमा आत्मनिर्भरताको सृजना हनेछ ।
- मिर्मि विर्घा हुदै रानीघाट सडकको कालो पत्रे प्रकृया अगाडी वढेको हुनेछ ।
- कुनैपनि समयमा सबै वडामा पुग्ने वाटोमा कुनै प्रकारको अवरोध हुनेछैन ।
- सबै वडा कार्यलयहरुवाट online system वाट प्रशासनिक कार्यहरु हुनेछ ।

- गाउँपालिकाको आर्थिक सम्भाव्यताको सुश्म अध्यान गरी विकासले नया गति लिनेछ ।

**३.५ बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु**

**योजना छनौटका आधारहरु**

- नेपालको संविधान २०७२
- राष्टिय योजना आयोगको मार्गदर्शन
- नेपालको चौधौ त्रिवर्षिय योजनाले परिलक्षित गरेका अवधारणाहरु
- संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयवाट विभिन्न समयमा आएका निति , नियम , कार्यविधि तथा निर्देशनहरु
- वजेट निर्माणका क्रममा भएका विभिन्न आम भेलाहरु , सर्वदलिय सर्वपक्षिय बैठकवाट आएका सुझावहरु ,नागरिक समाज तथा विभिन्न संघ संस्था र कार्यलयवाट आएका राय र सुझावहरु
- विभिन्न गैर सरकारी संस्थाहरुवाट प्रस्तावभई आएका कार्यक्रम तथा वजेट
- जिल्ला समन्वय समितिवाट आएका राय सल्लाह तथा सुझावहरु

**३.५.१ समग्र नीति**

१. समृद्ध गाउँपालिकाको निर्माणका लागि सार्वजनिक,निजी र सहकारी क्षेत्रको भूमिकालाई अझ प्रभावकारी बनाइनेछ। बजेट विनियोजना गर्दा संविधानले निर्दिष्ट गरेको लक्ष्य हासिल गर्ने गरी कार्यक्रम तय गरिनेछ। बजेट विनियोजनको दक्षता र खर्च गर्ने क्षमता अभिवृद्धि गरिनेछ। पुँजिबजारको विस्तार गर्ने कार्यलाई बढावा दिइनेछ। गैर बैंकिङ्ग वित्तिय क्षेत्रमा रहेको पुँजिलाई पुर्वाधार विकासमा लगाइनेछ। वित्तिय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाइनेछ। राजनैतिक नेतृत्व र कर्मचारीको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम तय गरिनेछ। गाउँपालिकाको संचालनका लागि आवश्यक स्रोत साधन र जनशक्तिको व्यवस्था गरिनेछ।

२. कृषि क्षेत्रलाई उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ। सिँचाई, मलखाद, बीउ बिजन, बिरूवा, घाँस उपलब्धतामा विशेष ध्यान दिइनेछ। पशुजन्य उत्पादन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। पशु बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गरिनेछ।

३. नेपालको अहिलेसम्मको सबैभन्दा ठुलो आयोजना कालीगण्डकी "ए" जलविद्युत आयोजना रहेको यस कालीगण्डकी गाउँपालिकालाई पूर्ण लोडसेडिङ्ग मुक्त गराउने प्रयास गरिनेछ।

४. प्रत्येक गाउँको प्राकृतिक स्रोत, ऐतिहासिक, सामाजिक सांस्कृतिक पहिचान र आर्थिक सामर्थ्यको आधारमा गतिशील बस्ती विकास गरिनेछ। समृद्ध गाउँ/वडाहरु निर्माण गर्न व्यवस्था मिलाउँदै अगाडी बढाइनेछ। एकीकृत, व्यवस्थित, वैज्ञानिक र हरित गाउँ शहर निर्माणमा जोड दिइनेछ।

५. स्वच्छ खानेपानीमा नागरिकको पहुँच अभिवृद्धि गर्ने कार्यक्रममा जोड दिइनेछ।

६. पर्यटन क्षेत्रलाई अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गरिनेछ । धार्मिक पर्यटनलाई बढावा दिइनेछ । रानीघाट, आलमदेवी, आलमदेवी शिलाको पदयात्रा मिर्मीदेखी धार्मिकस्थल सेती वेणी शिला सम्मको जलयात्रामा विशेष जोड दिइनेछ ।

७. उद्यमशीलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न युवालाई छोटो र लामो अवधिको तालिम दिन जोड दिइनेछ ।

८. परम्परागत शिक्षा प्रणालीमा सुधार गरी आधुनिक र व्यवसायिक बनाउन प्राविधिक शिक्षामा जोड दिइनेछ र यसै वर्ष गाउपालिका क्षेत्रभित्र एकवटा प्राविधिक शिक्षालय स्थापना गर्न सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गरिनेछ । शिक्षामा सूचना प्रविधिको विकास एवं प्रयोगलाई अनिवार्य बनाइनेछ । गाउँपालिकाभित्रका विद्यालयहरुलाई क्रमश: सूचना प्रविधिको पहुँचमा पुर्याउन लगानी गरिनेछ ।

९. गुणस्तरीय शिक्षामा पहुँच पुर्याउन सामुदायिक विद्यालयहरुलाई नमूनाको रुपमा सञ्चालन गर्ने कार्यक्रम ल्याइनेछ ।

१०. खेलकुद क्षेत्रको विकास गर्न पुर्वाधार निर्माणमा विशेष जोड दिइनेछ । गाउँपालिकाभित्र खेलकुदलाई प्रोत्साहन गर्न कम्तिमा **"एक वडा एक खेलकुद मैदान"** निर्माण गर्ने नीति लिइनेछ ।

११. स्वास्थ्यलाई मौलिक हकको रुफमा स्थापित गर्दै गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गरिनेछ । गाउँपालिकाभित्र एउटा सुविधासम्मपन्न अस्पताल निर्माणका लागि यसै वर्ष सम्भाब्यता अध्ययन गरिनेछ र बिरामीहरुको सुविधाका लागि गाउँपालिकाको लगानीमा एक वटा एम्बुलेन्स खरिद गरी सञ्चालनमा ल्याइनेछ ।

१२. भ्रष्टाचारजन्य क्रियाकलापप्रति शुन्य सहनशीलताको अवधारणा अपनाइनेछ । गाउँपालिका मार्फत हुने कार्यक्रमहरुको पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धन हुने गरी गाउँपालिकाका हरेक क्रियाकलापमा जनताको सहज पहुँच सुनिश्चित गरिनेछ ।

१३. पुर्वाधार निर्माण गर्ने जस्तै बाटो कालोपत्रे गर्ने, ट्र्याक निर्माण गर्ने, पक्की पुल (मोटरेवल पुल) , जलविद्युत आयोजना निर्माणमा आफ्नो लगायत प्रदेश र संघीय सरकारको ध्यान केन्द्रित गरिनेछ ।

१४. गाउँपालिकाको विद्यमान आर्थिक सामाजिक सांस्कृतिक तथा वित्तिय स्रोत साधनको भएको गाउँपालिकाको वस्तुगत विवरण (Profile) निर्माण गरिनेछ ।

१५. बिगतमा सानातिना आयोजनाहरुमा गरिएको लगानीबाट अपेक्षित उपलब्धि हासिल हुन नसकेको र वर्षेनी अनुत्पादक क्षेत्रमा लगानी वृद्धि भएको कुरालाई आत्मसात गर्दै आगामी आर्थिक वर्षमा गाउँपालिकाको चौतर्फी विकासमा महत्वपूर्ण योगदान दिन सक्ने खालका ठोस योजनामा लगानी गरिनेछ र योजनालाई क्रमागत ढङ्गले अगाडी बढाइनेछ ।

१६. यस गाउँपालिकाको प्रमुख सडकका रुपमा रहेको मिर्मि, बिर्घा, रानीघाट, बिर्घा, बैघा, आलमदेवी हुँदै गुल्मी जिल्लाको रिडी जोड्ने मुल बाटो कालोपत्रेका लागि थप पहल गरिनेछ । जुनसुकै किसिमको भौतिक विकासको न्यूनतम आधार नै सडक पुर्वाधार भएकोले कम्तिमा वडाको केन्द्र देखि गाउँपालिका केन्द्र जोड्ने सडकलाई १२ महिना नै सुचारु गर्न सकिने गरी सडकको विस्तार तथा स्तरोन्नतिमा जोड दिइनेछ । सडक निर्माण र लगानीको काममा सहयोग पुर्याउन गाउँपालिकाको आफ्नै लगानीमा एक डोजर खरिद गरी सडक निर्माणका कार्यमा प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।वडाको केन्द्र जोड्ने सहायकस्तरका सडकहरुको समेत स्तरोन्नति गरी गाउँपालिकास्तरीय रिङरोड स्थापना सम्बन्धी अध्ययन गरिनेछ ।

१७. जनतालाई सहज, सर्वसुलभ र छरितो सेवा पुर्याउन सकिने गरी गाउँपालिका एवं यसका सबै वडाहरुको संस्थागत क्षमता अभिवृद्धि गरिनुका साथै आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ ।
१८. गाउँपालिकाभित्र रहने गरी थप जलविद्युत आयोजनाको रुपमा साँगुरेमा "कालीगण्डकी बि" र गल्याङ नगरपालिकासँग समन्वय गरी आधिखोला "बी" सञ्चालन गर्न सकिने गरी सम्भाब्यता अध्ययन गरिनेछ ।
१९. गाउँपालिकाभित्र प्रशस्त धार्मिक तथा पर्यटकीय सम्भावना रहेकोले आन्तरिक तथा बाह्य पर्यटकहरुको गन्तब्यस्थलका रुपमा पहिचान बनाउन विभिन्न धार्मिक तथा पर्यटकीयस्थलहरुको व्यापक प्रचार प्रसारका लागि विभिन्न सञ्चारमाध्यमहरुसँग सहकार्य र विभिन्न स्थानमा होडिङ्ग बोर्डको व्यवस्था गरिनेछ । पर्यटकको सुविधाका लागि विभिन्न स्थानहरुमा होमस्टे स्थापना तथा निजी क्षेत्रलाई सुविधा सम्पन्न होटलको व्यवस्था गर्न प्रोत्साहित गर्ने नीति लिइनेछ ।
२०. गाउँपालिका भित्र सबैको सहज पहुँच सुनिश्चित गर्न नगर बस सञ्चालन सम्बन्धी सम्भाव्यता अध्ययन गरिनेछ ।
२१. गाउँपालिकाभित्र उत्पादित फोहरमैलाको उचित संकलन र व्यवस्थापनका लागि पुर्वधार उपलब्ध गराई फोहर वर्गीकरण गर्ने कार्यमा जनतालाई प्रोत्साहित गरिनेछ । जसले फोहर गर्छ उसले पैसा तिर्छ (Polluters Pay Principle) भन्ने सिद्धान्तको अनुशरण हुने गरी फोहरबाट कर संकलन गर्ने कार्यको थालनी गरिनेछ ।
२२. गाउँपालिकाका सबै वडाहरु खुला दिसामुक्त भै सकेको तथा वडा नं १ अन्तर्गतका दुईवटा टोललाई पुर्ण सरसफाईयुक्त वडा समेत घोषणा गरिसकिएको छ । गाउँपालिकाका अन्य वडालाई समेत क्रमश: पूर्ण सरसफाईयुक्त वडा घोषणा गर्दै लगिनेछ र सोका लागि आवश्यक पुर्वाधार स्थापना गर्न प्रोत्साहित गर्ने नीति लिईनेछ ।
२३. विकास कार्यको कार्यान्वयन हरेक आर्थिक वर्षको मसान्तमा हुने परिपाटीले योजना तथा कार्यक्रममा गरिएको लगानीमा प्रभावकारिता नदेखिएको र हरेक वर्ष बजेट मात्र खर्च हुने र सोको प्रतिफल प्राप्त नहुने  कार्यलाई पूर्ण रुपमा निरुत्साहित गर्दै आर्थिक वर्षको अन्त्यमा निकासा वा खर्च गर्ने प्रकृया अन्त्य  गरिनेछ ।
२४. कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको उत्प्रेरणा र मनोबल अभिवृद्धि गर्न कार्यसम्पादनका आधारमा प्रोत्साहन गर्न सकिने नीति अवलम्बन गरिनेछ ।
२५. गाउँपालिका मार्फत विभिन्न समूह संस्थाहरुका लागि विनियोजन भएका रकमहरु कार्यान्वयन गर्न कानून बमोजिम दर्ता भएका समूह संस्थाहरुलाई मात्र मान्यता दिइनेछ ।
२६. गाउँपालिकाको आगामी आ व बजेट तथा कार्यक्रम मार्फत सम्बोधन गर्न नसकिएका आयोजनाहरुको सम्भाव्यता अध्ययनका लागि गाउँपालिकाबाट आवश्यक व्यवस्था गरिनेछ ।
२७. गाउँपालिकाबाट सञ्चालित आयोजनाहरुको अनुगमन र मूल्याङ्कन कार्यका लागि गाउँपालिकाले सम्बन्धित वडा बाहेक फरक पदाधिकारीलाई जिम्मेवारी तोकी अनुगमन गराइनेछ ।
२८. समाजका केही युवा जगतमा सांस्कृतिक विचलनका रुपमा देखा परेका विकृतिलाई अन्त्य गरी सभ्य समाज निर्माणमा विशेष जोड दिइनेछ ।
२९. सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई टोल टोलमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
३०. गाउँपालिकाभित्र बसोबास भएका तर आफ्नो नाममा जग्गा दर्ता नभएका सुकुम्बासीहरुको बसोबासलाई व्यवस्थित गर्ने नीति लिइनेछ ।

## ३.५.२ क्षेत्रगत निति तथा आधारहरु

## क) आर्थिक क्षेत्र

### कृषि विकास सम्वन्धी

- नेपाल कृषि प्रधान देश भनी पहिचान बनाएको भएता पनि अपेक्षित रुपमा कृषि र पशुपंक्षीको क्षेत्रमा विकास गर्न नसकिएको तथ्यलाई मनन गर्दै कृषि र पशुपंक्षीलाई आकर्षक, व्यवसायिक र मर्यादित पेशाको रुपमा स्थापित गराउँदै जनताको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले कृषि तथा पशुपालनको पकेट क्षेत्र घोषणा गर्न पुर्वाधार निर्माणका लागि बिउ, बिरुवा, माटो परीक्षण, नर्सरी निर्माण तालिम र मत्स्यपालन सम्बन्धी अध्यानका गरिनेछ । ।
- गाउँपालिकाभित्र उत्पादित कृषि उपजहरुको बजारीकरणका लागि कृषि उपज संकलन केन्द्रको निर्माण गरिनेछ ।

- व्यवसायिक खेती तथा नगदेबाली प्रवर्द्धन गर्ने आयोजनाहरु संचालन गरि कृषि व्यवसाय प्रवर्द्धनका माध्यमबाट रोजगारी सिर्जना गर्न जोड दिइने छ ।
- खाद्यान्नको प्रयाप्त उत्पादनलाई प्रोत्सान गरी खाद्य सुरक्षामा टेवा पुऱ्याइने छ ।
- निर्यातयोग्य एबं उच्च मुल्यका कृषिजन्य बालि/बस्तुहरुको उत्पादन प्रबर्द्धन गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने नीति अख्तियार गरिने छ ।
- कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि बिकसित प्रबिधिहरुको प्रसार प्रचार र प्राबिधिक सेवा सर्वसुलभ रुपमा प्रदान गरि कृषकहरुलाई कृषि बिकास गर्न सक्षम बनाइने छ ।
- कृषि तथा पशुमा व्यवसायिकरण, वजारीकरण र सामाजिक सम्मानको वातावरण सृजना गरिने छ ।
- कृषि तथा पशु बिकासमा कृषक समुह/समिति/सहकारी/गैह्र-सरकारी संस्था र स्थानीय निकायहरुसंग साझेदारी गर्ने नीति अवलम्वन गरिने छ ।
- पर्यटनमुखी कृषि बिकास कार्यक्रम संचालनमा जोड दिईने छ ।
- दिगो कृषि विकास, जैविक विविधता, प्राकृतिक श्रोत तथा वातावरण संरक्षणबीच सन्तुलन कायम राख्ने नीति लिईने छ ।
- कृषि प्रसार सेवालाई प्रभावकारी तुल्याउन ग्रामिण कृषि कार्यकर्तालाई परिचालन गरिने छ ।

- कृषकहरुमा सिप हस्तान्तरणद्धारा आधुनिक पशुपालन पद्धतिको बिकास गर्दै लैजाने नीति लिइने ।
- पशुजन्य पदार्थ उत्पादनमा आत्मनिर्भर बनाउन जोड दिईने छ ।
- एक घर एक करेशावारीको निति लिइनेछ ।

### उद्योग, उद्यमशिलता एवं सहकारीताको विकास सम्वन्धी

### उद्योग

- गाउँपालिकाभित्रकै स्रोत साधनको उपयोगबाट सञ्चालन हुन सक्ने खालका साना तथा मझौला उद्योगहरुको स्थापनालाई प्रोत्साहन हुने गरी आवश्यक स्रोतको व्यवस्था गरेकी छु ।
- गाउँपालिकाभित्र रहेका युवाहरुमा उद्यमशीलताको विकास गरी नमूना उद्योगी बनाउने कार्यलाई प्रोत्साहन रकम विनियोजन गरेकी छु ।
- लघु तथा साना घरेलु उद्योगहरुको विकासमा समुदाय एवं निजी क्षेत्रलाई प्रोत्साहित गर्ने र त्यस्ता उद्योगलाई वातावरणमैत्री वनाउन जोड दिइनेछ ।

- पर्यटनसँग सम्वद्ध उद्योगहरुको विकास र प्रवर्द्धन साथै त्यस्ता उद्योगहरुलाई कानूनको दायराभित्र ल्याउन सहजीकरण गरिने छ ।
- यस गाउपालिका भित्र उत्कृष्ट कार्य गर्ने सहकारी संस्थाहरुलाई प्रोत्साहीत गर्ने नीति परम्परागत सीपमा आधारित घरेलु उद्योगलाई संरक्षण गरी आधुनीकिकरणमा जोड दिईनेछ ।
- सहकारी संस्थाहरुको विकास, विस्तार र प्रवर्द्धन गर्ने नीति अख्तियार गरिने छ ।

## पर्यटन सम्वन्धी

- गाउँपालिका क्षेत्रमा होमस्टे संचालनको संभाव्यता अध्ययन गरिने छ ।
  - गाउँपालिकाभित्र प्रशस्त धार्मिक तथा पर्यटकीयस्थलहरु रहेका छन् । यिनिहरुको विकास संरक्षण तथा प्रवर्द्धनका माध्यमबाट धेरै पर्यटकहरुको गन्तब्य बनाउन सकिने सम्भावना रहेको छ । यस गाउँपालिकालाई आकर्षक र सुरक्षित पर्यटन गन्तब्य बनाई संख्यात्मक तथा गुणात्मक रुपमा पर्यटक आगमनमा वृद्धि गरी ग्रामीण क्षेत्रको उन्नति गराउने कार्यमा जोड दिइने छ ।
  - मिर्मि देखी सेतिबिनी सम्म जल यात्रालाई व्यवस्थित गर्ने, रानीघाट आलमदेवी शिला, आलमदेवी केबुलकारको सम्भाव्यता अध्ययन र गुरुङ्दी डाँडा, बिर्घा डाँडा, आलम र चण्डी भङ्याङमा पर्यटन विकासको सम्भाव्यता अध्ययन गर्नेकार्यको प्रारम्भ यसै वर्ष गरिनेछ ।
  - कालीगण्डकि गाउँपालिकाको होमस्टे सञ्चालनका लागि अध्ययन र पुर्वाधार निर्माणगर्ने साथै गाउँपालिकाको कुनै एक बस्तीलाई नमूना बस्तीका रुपमा विकास गर्न निति अवलम्वन गरिनेछ ।।

# ख) सामाजिक क्षेत्र

## शिक्षा सम्वन्धी

- आधारभुत तह, उमेर समुहका वालवालिकाहरुको शिक्षाको पहुँच सुनिश्चित गर्नका लागि दलित छात्रवृत्ति, छात्रा छात्रवृत्ति एवं निशुल्क पाठ्यपुस्तकको तथा सामाग्री व्यवस्था गर्ने नीति अवलम्वन गरिनेछ ।
- परम्परागत शिक्षा प्रणालीलाई रुपान्तरण गरी आधुनिक र प्रविधिमैत्रि शिक्षा प्रणाली विकास गर्ने निति अवलम्वन गरिनेछ ।
- बालमैत्री तथा छात्रामैत्री विद्यालयको रुपमा विकास गर्ने गरि भौतिक संरचनाहरुमा क्रमश सुधार गरिनेछ ।
- शिक्षासंग सम्वन्धित कार्य गर्ने गैरसरकारी संघसंस्थाहरुसँग समन्वय गरि यस गाउँपालिकाको शैक्षिक विकासमा एकिकृत कार्यक्रम सञ्चालन गरिने छ ।
- कक्षाकोठाको शिक्षण सिकाईलाई प्रभावकारी वनाउन शिक्षकहरुको क्षमता अभिवृद्धि जस्ता कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- दलित, महिला, जनजाति एवं सिमान्तकृत वर्गलाई शैक्षिक अवसरहरुको सुनिश्चितता प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

## स्वास्थ्य सम्बन्धी

- स्वास्थ्यलाई मौलिक हकको रुपमा स्थापित गर्दै गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गरिनेछ ।
- गाउँपालिकाभित्र एउटा सुविधासम्मपन्न अस्पताल निर्माणका लागि यसै वर्ष सम्भाब्यता अध्ययन गरिनेछ
- बिरामीहरुको सुविधाका लागि गाउँपालिकाको लगानीमा एक वटा एम्बुलेन्स खरिद गरी सञ्चालनमा ल्याइनेछ
- आधारभूत स्वास्थ्य सेवा जनताको मौलिक अधिकारको रुपमा रहेकोले प्रा.स्वा.केन्द्र, स्वा.चौकी, निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा स्वास्थ्यकर्मीहरुको सेवालाई नियमित र पहुँचयोग्य तुल्याईनेछ ।
- विशेष गरी ग्रामिण क्षेत्रहरुमा जनस्वास्थ्यसँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गर्न निजी क्षेत्र एवं गै.स.स. हरुसंग सवन्वय गरी प्रोत्साहित गरिनेछ ।
- सबै स्थास्थ चौकीहरुमा छुट्टै birthing center को निर्माणको कार्य अगाडी वढाइनेछ ।
- विभिन्न स्वास्थ सँग सरोकार राख्ने माथिल्लो निकाय, संघसस्थाहरु सँग समन्वय गरी घुम्ती स्वास्थ शिविरहरु सञ्चालनमा ल्याइने छ ।
- गाउँपालिकालाई पूर्ण खोपयुक्त गाउँपालिका घोषणा गरिने छ ।

## लैगिंक समानता तथा सामाजिक समावेशीकरण

- फरक क्षमता भएका व्यक्तिहरुको क्षमता विकास एवं उनीहरुको सामाजिक सुरक्षा व्यवस्थालाई प्रभावकारी वनाउदै लैजाने नीति लिइनेछ ।
- गरीबी, असमानता, सीमान्तकृत, अशक्त र सामाजिक आर्थिक जोखिममा रहेका नागरिकको उत्थान र सशक्तिकरण गरी समन्यायिक एवं सम्मानजनक जीवन यापनको वातावरण बनाउन जनचेतना, सशक्तिकरण, स्वरोजगार जस्ता कार्यक्रम साथै बृद्धाश्रम निर्माण, स्वास्थ्य तथा कृषि बिमा, सीपमूलक तालिम वडागत रुपमा सञ्चालन गर्न नितिअवलम्वन गरिने छ ।
- एकल महिला एवं विस्थापित व्यक्तिहरुको आयमूलक एवं क्षमता विकास सम्बन्धी कृयाकलापहरु सञ्चालन गरिने छ ।
- जेष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान एवं सामाजिक सुरक्षामा विशेष जोड दिने नीति लिइनेछ ।
- दलित तथा जनजातिका परम्परागत सीप, संस्कृति र भाषाको संरक्षण गर्ने नीति लिइनेछ ।
- वालवालिका सम्बन्धी बाल क्लव संजाल एवं वालवालिकाको क्षमता विकासका कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।
- विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी समग्र महिलाहरुको सशक्तिकरण सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।
- निर्णय प्रकृयामा महिलाहरुको सहभागिता प्रवर्द्धन गर्ने कार्यक्रमहरु संचालन गरी सहभागिताको सुनिश्चितता गरिनेछ ।
- लैङ्गिक विभेदलाई न्यूनिकरण गर्दै महिलाहरुको मुलप्रवाहिकरणमा जोड दिई लैङ्गिक समतापूर्ण समाज निमार्णको लागि प्रोत्साहित गरिनेछ ।

## खानेपानि तथा सरसफाई

- गाउँपालिकाको सबै जनतासम्म खानेपानीको सहज पहुचको आवश्यक व्यावस्था गरिनेछ ।
- **सुन्दर गाउँ सफा बनाउँ** भन्ने नाराका साथ सरसफाई सम्वन्धि कृयाकलाप हरुलाई कार्यन्वयनमा ल्याइनेछ ।
- यस गाउँपालिकालाई पूर्णसरसफाई युक्त तुल्याउने कार्यक्रम संचालन गरी सरसफाइमा नमूना गाउँपालिकाको रुपमा स्थापित गरिने छ ।
- गाउँपालिकाका सबै वडालाई क्रमश: पूर्ण सरसफाईयुक्त वडा घोषणा गर्दै लगिनेछ र सोका लागि आवश्यक पुर्वाधार स्थापना गर्न प्रोत्साहित गर्ने नीति लिईनेछ ।
- गाउँपालिकाभित्रका सबै जनतालाई आधारभूतस्तरको खानेपानी तथा सरसफाईमा पहुँच सुनिश्चित गरिने छ । यसका लागि विभिन्न गैरसरकारी संस्थाहरुसँग समेत समन्वय र सहकार्यका लागि समपुरक कोषको व्यवस्था गरिने छ ।

- गाउँपालिकाको सवै क्षेत्रमा फोहोरमैला व्यवस्थापनको लागि आवश्यक कदम चालिने छ ।
- फोहोरमैला व्यवस्थापन सम्बन्धमा जनचेतना अभिवृद्धिको लागि सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- स्वच्छ एवं गुणस्तरीय खानेपानीको आपूर्तिलाई व्यवस्थित गर्न पूराना खानेपानी योजनाहरुको दिगो संरक्षण, मुहानको खोजी तथा संरक्षण गरी प्रयाप्त खानेपानीको आपुर्ति गर्ने व्यवस्था मिलाइने छ ।
- गाउँपालिकाभित्र उत्पादित फोहरमैलाको उचित संकलन र व्यवस्थापनका लागि पुर्वfधार उपलब्ध गराई फोहर वर्गीकरण गर्ने कार्यमा जनतालाई प्रोत्साहित गरिनेछ । जसले फोहर गर्छ उसले पैसा तिर्छ (Polluters Pay Principle) भन्ने सिद्धान्तको अनुशरण हुने गरी फोहरबाट कर संकलन गर्ने कार्यको थालनी गरिनेछ ।

**युवा तथा खेलकुद सम्बन्धी**

- गाउँपालिकामा नै रोजगारीको सृजना गरी युवाहरुको बिदेश पलायनको मात्रालाई न्युनिकरण गरिने छ ।
- स्वरोजगारको लागि सिपमुलक तालिम संचालन गरिनेछ ।
- खेलकुदलाई मनोरञ्जन र स्वास्थ्यसंग आवद्ध गरी यसको विकास गरिनेछ ।
- यस गाउँपालिकामा खेलकुद क्षेत्रको विकास र प्रवर्द्धनलाई प्रोत्साहित गर्ने नीति अख्तियार गरिनेछ ।
- युवाहरुलाई दुर्व्यसनी वाट मुक्त दिलाउन आवश्यक कदम चालिनेछ ।

## ग) पूर्वाधार क्षेत्र

**सडक/पुल निर्माण सम्वन्धी**

- निर्माण भएका बाटोहरुको स्तरोन्नति गर्दै ट्र्याक नपुगेका टोलहरुमा बाटो पुर्याउने कार्यलाई प्राथमिकतामा राखिएको छ । आगामी ३ वर्षभित्र सबै ठाउँमा ट्र्याक पुर्याउने लक्ष्य लिइएको छ ।
- यातायातलाई सर्वसुलभ बनाउन यातायात व्यवसायीहरुसँग छलफल गरी अगाडी बढिनेछ । गाउँपालिका क्षेत्रभित्र नगरबस सञ्चालन गर्ने कार्यलाई प्रोत्साहनका लागि अनुदान उपलब्ध गराउन निति अवलम्वन गरिनेछ ।
- पुर्वाधार निर्माण गर्ने जस्तै बाटो कालोपत्रे गर्ने, ट्र्याक निर्माण गर्ने, पक्की पुल (मोटरेवल पुल) , जलविद्युत आयोजना निर्माणमा आफ्नो लगायत प्रदेश र संघीय सरकारको ध्यान केन्द्रित गरिनेछ ।

- जनतालाई सहज रुपमा आवतजावतको लागि सवै वडाहरुमा सडक मर्मत तथा स्तरोन्नतीकार्य लाई जोड दिईनेछ ।
- गाउँपालिका क्षेत्रका स्थानिय सडकहरुमा भएका समस्याहरुलाई गाउँपालिकाले तत्काल सम्वोधन गर्न पहल गर्नेछ ।
- गाउँपालिकाको केन्द्र र वडा कार्यलयको सम्पर्क सडकको स्तरोन्नतीमा जोड दिइनेछ ।
- विभिन्न सडकहरुको सडक अधिकार क्षेत्रभित्र अतिक्रमण गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।
- सडक, पुलजस्ता भौतिक पूर्वाधार निर्माणमा आर्थिक, वातावरणीय, सामाजिक पक्षको मूल्याङ्कन एवं अध्ययनको आधारमा गुणस्तरीय एवं वातावरणमैत्री भौतिक पूर्वाधार निर्माणमा जोड दिइनेछ ।

## उर्जा एवं विद्युतिकरण सम्वन्धी

- गाउँपालिकाभित्र रहने गरी थप जलविद्युत आयोजनाको रुपमा साँगुरेमा "कालीगण्डकी बि" र गल्याङ नगरपालिकासँग समन्वय गरी आधिखोला "बी" सञ्चालन गर्न सकिने गरी सम्भाब्यता अध्ययन गरिनेछ ।
- बैकल्पिक उर्जालाई गाउँपालिका क्षेत्रमा ग्राहयता दिइनेछ ।
- गाउँपालिका कार्यलय तथा सबै वडा कार्यलयहरुमा सौर्य वत्ति जडान गरी सेवा प्रवाहलाई प्रभावकारी गराइने छ ।
- विद्युतको सेवा नपुगेका सबै वडा तथा घरहरुमा पहुँच सुनिश्चित गरिनेछ र आँधिखोला बी र कालीगण्डकी बी परियोजना सञ्चालन गर्न जनताको शेयर लगानीमा लगानी अगाडी बढाइनेछ । यसको सम्भाव्यता अध्ययन को प्रकृया अगाडी वढाइने छ ।

## सञ्चार

- गाउँपालिकाभित्र ल्याण्डलाइन टेलिफोन लाइन विस्तार सम्बन्धी सर्भेक्षण कार्य अघि बढाइनेछ । साथै गाउँपालिकामा टेलिभिजन र एफ एम सञ्चालन गर्ने कार्यलाई प्रोत्साहन गरिने छ ।
- सबै वडा कार्यलयहरुमा इन्टरनेट सेवा यथाशिघ्र संञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्र प्रशस्त धार्मिक तथा पर्यटकीय सम्भावना रहेकोले आन्तरिक तथा बाह्य पर्यटकहरुको गन्तब्यस्थलका रुपमा पहिचान बनाउन विभिन्न धार्मिक तथा पर्यटकीयस्थलहरुको व्यापक प्रचार प्रसारका लागि विभिन्न सञ्चारमाध्यमहरुसँग सहकार्य गरिनेछ ।
- गाउँपालिकावाट नै सञ्चालन हुने विभिन्न सञ्चारमाध्यमहरुको लागि गाउँपालिकावाट विशेष सेवा र सुविधा प्रदान गर्ने निति अवलम्वन गरिने छ ।

**भवन आवास तथा शहरी विकास:**

- गाउँपालिकाको पहिचान झल्किने गरी गाउँपालिका क्षेत्रभित्र एकवटा सभागृह निर्माण गर्ने कार्यको प्रारम्भ गरिनेछ ।
- गाउँपालिका र वडा कार्यालयहरुको भवन निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइने छ ।
- कालीगण्डकी गाउँपालिकाभित्रको बसोबासलाई व्यवस्थित गर्न व्यवस्थित शहरीकरण तथा आवास योजना निर्माण गरी लागु गरिने छ ।

## घ) वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी

## वन तथा वातावरण सम्वन्धी

- स्थानीय जनताको सहभागिताको माध्यमबाट वनको संरक्षण, दिगो व्यवस्थापन तथा संस्थागत सुदृढीकरण गरी दैनिक जनजिवनमा आवश्यक वन पैदावारको सुलभ आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ ।
- गरिव र विपन्न वर्गको सहभागितामा गैह्रकाष्ठ र अन्य वनजन्य उत्पादनलाई प्रवर्द्दन गरी गरिवी न्यूनिकरणमा टेवा पुर्‍याइने छ ।
- स्थानीय जडिवुटिको पहिचान तथा संरक्षण र व्यवस्थापनका माध्यमबाट आर्थिक रुपमा आत्मनिर्भरतातर्फ उन्मुख गराईने छ ।
- लोपोन्मूख वनस्पति र वन्यजन्तुहरुको पहिचान, संरक्षण अध्यन, अनुसन्धानमा विशेष जोड दिइ आय आर्जनमा टेवा पुरयाउने ।
- खाली पर्ति जग्गामा उपभोक्ता समूह, विद्यालय परिवार र नागरिक समाज मार्फत वृक्षारोपण कार्यक्रम संचालन गर्न जोड दिईनेछ ।
- जलवायु परिवर्तन अनुकुलन तथा वातावरण संरक्षणमा टेवा पुराउने कार्यक्रमलाई जोड दिईनेछ ।
- जनसहभागिता, समन्वय एवं एकिकृत अवधारणा अनुसार कार्यक्रम संचालन गर्ने नीति अख्तियार गरिने छ ।
- भु-संरक्षण तथा जलाधार व्यबस्थापन कार्यमा तत्काल कार्य अगाडी वढाइने छ ।

**विपद व्यावस्थापन**

- गाउँपालिका क्षेत्रका कुनै जनताहरु विपदको कारण घरवार विहिन हुने अवस्थाको
  सृजना नहोस भन्ने हेतुले विपद व्यावस्थापन कोषको स्थापना गरिनेछ ।
- बाडी पहिरोको खतरा रहेको स्थानको पहिचान गरी नियन्त्रणको आवश्यक कार्य अगाडी वढाइने छ ।

## ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

- कानूनको शासनलाई संस्थागत गर्न गाउँपालिकाका सबै प्रकृयामा सहभागिता, पारदर्शिता, जवाफदेहिता र भ्रष्टाचारमा शुन्य सहनशीलताको विकास गरिनेछ ।
- कार्यालय तथा सेवा प्रवाहमा सुशासन कायम गर्ने उद्देश्यले सबै वडा कार्यालयहरुमा क्षतिपूर्ति सहितको नागरिक बडापत्रको व्यवस्था, सेवाप्रवाह, कार्यालयमा विद्युतीय शासन र नेटवर्किङ्का लागि स्रोतको व्यवस्था गरेकी छु ।
- गाउँपालिका मार्फत हुने न्यायिक कार्यको कार्यान्वयन गर्नका लागि न्यायिक समितिका पदाधिकारीहरुलाई मेलमिलाप सम्बन्धी तालिम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।
- कार्यालयबाट भए गरेका खर्च लगायतका कार्यहरुको सार्वजनिक सुनुवाई र नियमित रुपमा वेभसाइट मार्फत सार्वजनिकीकरण गरिनेछ ।
- गाउँपालिकाबाट सञ्चालित आयोजनाहरुको अनुगमन र मूल्याङ्कन कार्यका लागि गाउँपालिकाले सम्बन्धित वडा बाहेक फरक पदाधिकारीलाई जिम्मेवारी तोकी अनुगमन गराइनेछ ।
- समाजका केही युवा जगतमा सांस्कृतिक विचलनका रुपमा देखा परेका विकृतिलाई अन्त्य गरी सभ्य समाज निर्माणमा विशेष जोड दिइनेछ ।

## गै.स.स., निजी क्षेत्र एवं नागरिक समाज सम्बन्धी

- गाउँपालिकाको विकासमा उत्कृष्ट योगदान गर्ने उपभोक्ता समिति, संचार प्रतिष्ठान एवं संचारकर्मी, गै.स.स., नागरिक समाजको अभिलेखीकरण गरी सम्मान गर्ने, सहकार्य गर्ने साथै सुशासन प्रवर्द्धनमा साझेदारी गरिनेछ ।
- दलित, जनजाति, महिला, वालवालीका, मजदुर, सुकुम्बासी, अपाङ्गता भएका व्यक्ति एवं ग्रामिण समूदायलाई रुपान्तरणीय विधिबाट सामाजिक परिचालन गरि दिगो विकास गर्ने नीति लिइनेछ ।
- निजी क्षेत्रको साझेदारी मार्फत दिगो विकासका लागि सहकार्य गर्ने पद्धतिलाई वढावा दिइने छ ।

## सूचना तथासंचार प्रविधि सम्बन्धी

- गाउँपालिकाका प्रत्येक ठाउँमा आधारभुत संचार सुविधा पुराउन आवश्यक पहलकदमी लिईनेछ ।
- गाउँपालिकालाई प्रविधिमैत्री बनाउँदै लागि E- governance प्रवर्द्धनमा जोड दिइने छ ।
- सबै वडा कार्यलयवाट वाट online system बाट प्रशासनिक कार्य गरिनेछ ।
- पञ्जिकरण सम्वन्धि सबैकार्यहरु सम्वन्धित वडा कार्यलयवाट online system वाट सञ्चालन गरिनेछ ।

## सुरक्षा व्यावस्थापन

- गाउँपालिकाको सुरक्षा व्यावस्थापन लाई मजवुत गराइने छ।
- गाउँपालिकास्तरमा प्रहरी निरक्षकको कमाण्डमा एउटा इलाका चौकीको स्थापना गर्न पहल गरिने छ।
- स्थानिय झैझगडा हरुलाई निरुत्साहन गर्नको लागि गाउँपालिकामा एउटा मेलमिलाप केन्द्र स्थापना गर्ने कार्य तत्काल अगाडी वढाइने छ।
- विकास निर्माण कार्यमा गाउँपालिकाक्षेत्रको शान्ति, सुव्यवस्था, र अमनचयन एक महत्वपूर्ण आयाम भएकोले यस कार्यमा जिल्ला स्थित तथा गाउँपालिका स्तरिय सुरक्षा निकायसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

## विविध

- गाउँपालिकाले न्युनतम शर्त तथा कार्यसम्पादन मापनका सम्पूर्ण मापनहरु पास गरी देशभरमै उत्कृष्ट हुने उद्देश्य पूरा गर्न गाउँपालिका कर्मचारी परिवार, सामाजिक परिचालकहरुलगायत लाई परिचालन गरिने छ।
- विकास निर्माण कार्यमा गाउँपालिकाक्षेत्रको शान्ति, सुव्यवस्था, र अमनचयन एक महत्वपूर्ण आयाम भएकोले यस कार्यमा जिल्ला स्थित तथा गाउँपालिका स्तरिय सुरक्षा निकायसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।
- गरिवसँग विश्वेश्वर कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सामाजिक परिचालनका लागि गैर सरकारी संस्था, सामुदायिक संस्था, स्थानीय आमा समुह, महिला समुह,  युवा क्लवहरु र बाल क्लवहरुलाई परिचालन गर्ने नीति लिइने छ।